AWADHARANA : **अवधारणा**
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 7, September 2022
Published by Creative Democrat Academy

# निद्रा कथामा लैङ्गिकता

**लोकचन्द्र खनाल**
**सहायक प्राध्यापक, नेपाली शिक्षा विभाग, भद्रकाली बहुमुखी क्याम्पस, पोखरा**

*Article History : Submitted 10 June 2022; Reviewed 25 July 2022; Accepted 18 Aug. 2022*
*Author: Lokchandra Khanal Email: melokhanal@gmail.com*
*DOI: https://doi.org/10.3126/awadharana.v7i1.49340*

**सार**

*प्रस्तुत लेख निद्रा कथामा लैङ्गिकताको अवस्था पहिल्याउनमा केन्द्रित छ । निद्रा कथा नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा नौ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएको ऐतिहासिक विषयवस्तुमा आधारित कथा हो । लैङ्गिक अध्ययनले कुनै साहित्यिक कृतिमा नारी, पुरूष तथा अन्य लिङ्गीहरूको सामाजिक, सांस्कृतिक अवस्थाको खोजी गर्दछ । यसले सामाजिक, सांस्कृतिक दृष्टिले नारी, पुरूष तथा अन्य लिङ्गीहरूका बिचमा कुनै किसिमको भिन्नता हुनु हुँदैन भन्ने मान्यता राख्दछ । सन् १९६० को दशकपछि नारीवादी आन्दोलन विकसित हुँदै जाँदा लैङ्गिक चेतनाको विकास भएको पाइन्छ । लैङ्गिक अध्ययन अन्तर्गत नारीवाद, पितृसत्ता, सामाजिक लिङ्ग, लैङ्गिकता, पुलिङ्गता र सामाजिक लिङ्गभेद, शरीर राजनीति जस्ता विषय क्षेत्रहरू पर्दछन् । यस अध्ययन पत्रमा लैङ्गिक अध्ययनको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै निद्रा कथामा लैङ्गिकताको अवस्था कस्तो रहेको छ ? उक्त कथामा पात्रहरूको लैङ्गिक भूमिका कस्तो रहेको छ भन्ने कुराको खोजी गरिएको छ । अध्ययन पत्र तयार गर्नका लागि पुस्तकालय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिको उपयोग गर्दै तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ । निद्रा कथामा देखाइएको परिवेश राणा दरबारको हो । यस कथामा तत्कालीन समयमा सम्भ्रान्त वर्गीय परिवारमा पनि पुरूष अहम् तथा प्रभुत्वका अगाडि नारीका आवाजलाई बेवास्ता गरिएको देख्न सकिन्छ । पात्रको प्रयोगमा पुरूष पात्रको उपस्थिति नारीका तुलनामा सशक्त देखाइएको छ । नारीको भूमिकालाई कम महत्त्व दिइए पनि आफ्नो अस्तित्व र पहिचानका लागि उनी निर्भीक देखिएकी छिन् । यसरी लैङ्गिक चेतनाका दृष्टिले प्रस्तुत निद्रा कथा महत्त्वपूर्ण कथा हो भन्ने निष्कर्षमा पुगिएको छ ।*

**मुख्य शब्द/शब्दावली**: पुरूषत्व, सांस्कृतिक अधिकार, संस्कृति निर्मिति, स्त्रीत्व ।

## विषय परिचय

निद्रा कथा, नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा नौ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएको कथा हो । प्रस्तुत कथामा लेखकको

परिचय दिइएको छैन । यस कथामा नेपालमा १०४ वर्ष निरङ्कुश शासन सत्ता सञ्चालन गरेका राणा शासन कालको प्रतिबिम्ब झल्किएको छ । राणा शासकहरूले नागरिक हक अधिकारका साथै शिक्षाको अधिकारबाट पनि नागरिकलाई बञ्चित गरेका थिए । उनीहरू आफै शक्ति प्राप्तिका लागि मारकाट गर्न पनि पछि पर्दैनथे । हत्या हिंसाको श्रृङ्खलाबाट शक्तिशाली बनेका राणाहरूको शासकीय स्वरुपको वास्तविक झलक यस कथामा देख्न पाइन्छ ।

लैङ्गिक अध्ययन भन्नाले साहित्यिक कृतिलाई नारी, पुरूष तथा अन्यका कोणबाट अध्ययन गर्ने भन्ने बुझिन्छ । मूलतः यस अध्ययनले कृतिभित्र रहेको लैङ्गिक अवस्थालाई सामाजिक, सांस्कृतिक आधारमा विश्लेषण गर्दछ । लैङ्गिक अध्ययनले कृतिले उठाएका लैङ्गिक मुद्दा, नारी वा पुरूष प्रधानताका कारण एक अर्काप्रति हुने दमन, शोषणको अध्ययन गरी त्यसको अन्त्य गर्नुपर्ने आवाज उठाउँछ । हाम्रो समाजमा नारी, पुरूष तथा तेस्रो लिङ्गी मानिसलाई प्रदान गरि एको कानुनी, शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको खोजी गर्दछ । कुनै पनि क्षे त्रमा हुने विभेदको अन्त्य गरी लैङ्गिक दृष्टिले समतामूलक समाज निर्माण गर्नु र समतामूलक साहित्य रचना गर्नका लागि प्रेरणा दिनु यसको उद्देश्य देखिन्छ । लैङ्गिक अध्ययनले महिला, पुरूष तथा तेस्रो लिङ्गीप्रति गरिने रूढिगत विभेदलाई हटाएर सामाजिक, सांस्कृतिक भेदभावमुक्त समाजको निर्माण गर्ने उद्देश्य राख्दछ । लैङ्गिक अध्ययन सन् १९७० को दशकदेखि साहित्य समालोचनामा सक्रिय एक महत्त्वपूर्ण अध्ययन पद्धति हो । विद्यालय तहका पाठ्यपुस्तकमा समावेश भएका विभिन्न विधाका पाठ्यसामग्री लैङ्गिक दृष्टिले समतामूलक हुनु जरूरी छ । हालसम्म विद्यालय तहका पाठ्यपुस्तकमा समावेश भएका विभिन्न विधाका पाठ्यसामग्रीको लैङ्गिक दृष्टिले अध्ययन भएको पाइएन । अतः प्रस्तुत लेखमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा भएको निद्रा कथालाई लैङ् गिक प्रतिनिधित्व र पहिचान तथा लैङ्गिक भूमिकाजस्ता लैङ्गिक समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत अध्ययनमा निद्रा कथालाई लैङ्गिकताका कोणबाट विश्लेषण गरिएको छ । यहाँ निम्न प्राज्ञिक समस्या निर्माण गरेर लैङ्गिक समालोचना सिद्धान्तका आधारमा निद्रा कथाको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ,

क) निद्रा कथा लैङ्गिक प्रतिनिधित्व र पहिचानको चित्रण कसरी भएको छ ?

ख) यस कथामा लैङ्गिकताका दृष्टिले पात्रहरूको भूमिका कस्तो रहेको छ ?

लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारका आधारमा उक्त समस्याको प्राज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका सामग्री सङ्कलन तथा तथ्याङ्कको विश्लेषणका विधिहरू निम्नानुसार रहे का छन्,

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनमा नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा नौ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएको निद्रा कथालाई प्राथमिक सामग्री मानिएको छ । यहाँ  उक्त कथालाई लैङ्गिक चेतनासम्बन्धी सैद्धान्तिक आधारमा व्याख्या र विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । सिद्धान्त निर्माणका लागि उपयोग गरिएका गोष्ठी पत्र, कार्यपत्र, सैद्धान्तिक पुस्तक तथा तिनमा प्रस्तुत गरिएका समीक्षात्मक टिप्पणीलाई द्वितीयक सामग्रीका रुपमा उपयोग गरिएको छ । मूलतः यस अध्ययनमा पुस्तकालय अध्ययन नै सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

## तथ्याङ्क विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत अध्ययनमा तथ्याङ्कको विश्लेषणको मुख्य सैद्धान्तिक आधार लैङ्गिक समालोचना सिद्धान्त हो । सांस्कृतिक समालोचनाअन्तर्गत पश्चिमी समालोचनाका क्षेत्रमा विकसित लैङ्गिक अवधारणाका आधारमा प्रस्तुत कथाको विश्लेषण गर्दा कथामा प्रयुक्त विषयवस्तुको आधारमा नै सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । यस लेखमा आवश्यकताअनुसार वर्णन, व्याख्या, विश्लेषण तथा तुलनात्मक अध्ययन पद्धति पनि अपनाइएको छ । सोद्देश्यमूलक नमुना छनोट गरी तोकिएको कथालाई लैङ्गिक समालोचना पद्धतिका स्थापित मान्यताका सापेक्षतामा व्याख्या र विश्लेषण गरिएको छ । यसअन्तर्गत स्थापित विभिन्न प्रतिमानहरू मध्ये लैङ्गिक प्रतिनिधित्व र पहिचान, भूमिकाका आधारमा उक्त कथाको विश्लेषण गरिएको छ ।

## अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा निद्रा कथालाई लैङ्गिकताका आधारमा व्याख्या गरिएको छ । लैङ्गिक अध्ययनअन्तर्गत लैङ्गिक प्रतिनिधित्व र पहिचान, भूमिकाजस्ता लैङ्गिक समालोचनाका स्थापित मान्यताका सापेक्षतामा उक्त कथाको अध्ययन विश्लेषण गर्नु यसको उद्देश्य हो । तीबाहेक अन्य कथा र अन्य अध्ययन यसका सीमा हुन् ।

## सैद्धान्तिक पर्याधार र अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनमा विद्यालय तहका नेपाली पाठ्यपुस्तकमा समावेश कथालाई लैङ्गिक चेतनासम्बन्धी सैद्धान्तिक आधारमा व्याख्या र विश्लेषण गरेर निष्कर्षमा पुगिने छ । यहाँ सैद्धान्तिक अवधारणाका रुपमा लैङ्गिक अध्ययनलाई उपयोग गरिएको छ । त्यसकै आधारमा निर्धारित कथाको विश्लेषण गरिने ढाँचा प्रस्तुत गरिएको छ ।

## लैङ्गिकताको परिचय

लैङ्गिकता, महिला, पुरूष र अन्य लिङ्ग भएका मानिसलाई समाजले हेर्ने भिन्न दृष्टिकोण वा यिनीहरूका बिचमा गरिने भिन्न व्यवहारलाई बुझाउँछ । समाजमा भएका मानिसहरूका बिचमा लैङ्गिकताका आधारमा गरिने भेदभावपूर्ण व्यवहारलाई लैङ्गिकता भनिन्छ (भट्टराई, २०७७, पृ.

१०७) । यसलाई समाजले मानिसहरूलाई तोकिदिएको पृथक् भूमिका भनिन्छ । लिङ्गका आधारमा गरिने भेदभावपूर्ण तथा परम्परागत मान्यताबाट सिर्जना गरिएका लैङ्गिक भूमिकामा समानताको खोजी गर्नुलाई लैङ्गिकता भनिन्छ (खनाल, २०७५, पृ. ९) । लैङ्गिक अध्ययन पुरूष र महिला तथा पुरूषत्व र स्त्रीत्वका बिचको सांस्कृतिक भिन्नता हो । त्यसैले यो भिन्नतामा आधारित अध्ययन हो । यसले महिला र पुरूष पदका बिचको सम्बन्ध देखाउँछ र एक अर्काको सम्बन्धको वर्णनविनाको पुरूष वा महिला मात्रको स्वतन्त्र अध्ययनको यसमा कुनै अर्थ छैन । यद्यपि कतिपय नारीवादीहरू महिला अध्ययनका सन्दर्भबाट मात्र लैङ्गिक अध्ययन हुनुपर्ने धारणा राख्छन् भने अरुहरू चाहिँ यस्तो अध्ययन नारीवादी हुनुपर्ने कुरामा जोड दिँदै पुरूष र महिलाको शक्तिको असन्तुलन र असमानताको अध्ययन गर्दछन् (बेनस्टोक र अन्य, २००२, पृ. २३७) । लैङ्गिकता समय तथा समाजसापेक्ष हुने भएकाले यसको स्वरुप फरक-फरक हुन्छ । लैङ्गिक अध्ययन सामाजिक न्याय स्थापनाका लागि सुरू भएको समाज विश्लेषणको आधार हो । पुरूष, नारी तथा तेस्रोलिङ्गी मानिस एउटै समाजका सदस्य भएर पनि आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले किन विभेद गरिन्छ ? उक्त विभेदको चुरो कहाँनेर छ भन्ने वास्तविकताको खोजीका क्रममा लैङ्गिक अध्ययनको जन्म भएको बुझिन्छ (त्रिपाठी, २०६७, पृ. १९) । लैङ्गिक अध्ययनलाई अङ्ग्रेजीमा 'जेन्डर' भनिन्छ । यसले मानिसहरूका बिचको सामाजिक भिन्नताबाहेक सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, आर्थिक, राजनीतिक भूमिकाको खोजी गर्दछ (भट्टराई, २०७७, पृ. १०७) । यसले महिला, पुरूष र तेस्रो लिङ्गी समुदायका मानिसका बिचमा हुने विभेद प्राकृतिक नभएर सामाजिक विभेद हो । यसलाई मनन गरेर हामीले हाम्रा व्यवहार र चिन्तनमा परिवर्तन ल्याउनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनले राख्दछ । लैङ्गिक अध्ययनको परम्परा मूलतः नारीवादी अध्ययनकै पृष्ठभूमिबाट अघि बढेको पाइन्छ । नारीवादी आन्दोलनले सन् १९६० पछि लैङ्गिक अध्ययन तथा लैङ्गिक भूमिकालाई समेटेर अघि बढ्ने क्रममा लैङ्गिक अध्ययनको जन्म भएको हो (उप्रेती, २०६८, पृ. २४१) । यसबाट नारीवादी चेतनाको सापेक्षतामा लैङ्गिक अध्ययन अघि बढेको पाइन्छ । हालसम्म आइपुग्दा लैङ्गिक अध्ययन समाज र साहित्यको अध्ययन तथा विश्लेषणका लागि महत्त्वपूर्ण सिद्धान्तका रुपमा स्थापित भएको छ । समग्रमा, साहित्य तथा समालोचनामा व्यक्तिलाई समाजले दिएको सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक भूमिकाको खोजी गर्नु नै लैङ्गिक अध्ययन हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## निद्रा कथाको विश्लेषण

निद्रा कथा नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा नौ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएको ऐतिहासिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा नेपालको इतिहासमा वि.सं. १९०३ देखि वि.सं. २००७ सम्म १०४ वर्ष शासन सत्ताको बागडोर सम्हालेर बसेका जहानियाँ राणा शासकहरूले नेपाली जनतामाथि मात्र होइन, परिवारभित्र पनि फरक मत राख्नेहरूप्रति गर्ने गरेका दुर्व्यवहार, घात र प्रतिघातलाई सजीव रुपमा चित्रण गरिएको छ । सत्तामा बस्ने मानिसलाई विभिन्न षड्यन्त्र गरेर सत्ताच्युत गर्ने र सत्तामा पुगेपछि आफ्नै भाइ, भतिजासँग डर

ाएर मानसिक रोगीसमेत बन्ने अवस्था आएको कुरालाई कथामा देख्न पाइन्छ । नारी सहनशीलताकी प्रतिमूर्ति हुन् तर तिनै नारीको सहनशीलतालाई कमजोरी ठान्दै केही पनि नजान्ने र नबुझ्ने दर्जा दिने गरेको यथार्थलाई कथामा देखाइएको छ । यस अध्ययनमा उक्त निद्रा कथालाई लैङ्गिकसमालोचना सिद्धान्तका विभिन्न आधारमा विश्लेषण गरिएको छ :

**निद्रा कथामा प्रतिनिधित्व र पहिचानको अवस्था**

परिवारमा वा समाजमा पिताको सत्ता हुने अवस्था नै पितृसत्ता हो । पितृसत्तामा धर्म, संस्कृति, शिक्षा, मनोरञ्जनका साथै महिलाको यौनिकता, प्रजनन, क्षमता, श्रम, सम्पत्ति तथा उत्पादनमा पनि पुरूष अधिकार रहन्छ । यसअन्तर्गत पुरूषले नारीमाथि प्रभुत्व वा हैकम जमाउँछ । पितृसत्ताले महिलाहरू पुरूषको अधीनमा रहेका हुन्छन् भन्ने मान्यता राखेको हुन्छ । महिलामाथि पुरूषले दमन र हैकम राखेकाले नै पितृसत्ता र पुँजीवादी समाजमा पुरूषको हैसियत उच्च र महिलाको है सियत कमजोर रहेको हुन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४, पृ.९४) । पितृसत्तामा पुरूषले आफूलाई लैङ्गिकरुपमा उच्च ठान्दै त्यसैअनुसार क्रियाकलापलाई प्रदर्शन गर्छ ।

प्रस्तुत निद्रा कथामा कथाको नायकीय भूमिकामा देखा पर्ने चन्द्रशमशेरले आफूमा भएको यस्तै प्रभुत्ववाद वा हैकमवादी व्यवहार प्रदर्शन गर्दछन् । उनी श्री ३ महाराजको पदमा आसिन भएदेखि आफ्नो विरोध गर्नेहरूलाई अनेक माध्यमबाट आफ्नो नजिकै आउन बन्द गरिदिएका थिए । बिचरा ! त्यस्ता इमान्दार फत्य बाबुलाई हजुरियाबाट हटाइबक्स्यो । गेहेन्द्र भतिजलाई यहाँ आउन रोक लगाइबक्सेको छ । चन्द्रशमशेर ठुला जङ्गीलाठ भइसकेका भाइहरूलाई पनि गाली गर्थे । त्यत्रा मुख्तियार र जङ्गीलाठ भइसकेका भाइहरूलाई गाली गरिबक्सन्छ (नेपाली कक्षा ९, पृ. ५९) । उनले यसरी राज्य सञ्चालनमा सहयोग गर्न नियुक्त गरेका मानिसलाई एकपछि अर्को गर्दै दुःख दिँदै गएपछि राजकाज गर्न गाह्रो पर्छ भनेर सम्झाउँदा उल्टै होच्याएर केही थाहा नभएको कुरा प्रकट गर्दछन् । तिमी जाजरकोटे ठकुरीकी छोरी, नेपाल दरबारको सबै कुरा थाहा पाएकी छैनौ (नेपाली कक्षा ९, पृ. ५९) । चन्द्रशमशेरको यस अभिव्यक्तिमा उनीभित्र रहेको पितृसत्तात्मक हैकम प्रकट भएको छ । उनी श्रीमती भनेका अर्काको घरबाट आएका तल्लो वर्गको प्रतिनिधित्व गर्ने पत्र हुन् भन्ने ठान्दछन् । कथामा उनलाई प्रभुत्वशाली वर्गको पात्रको पहिचान दिइएको छ ।

सत्ताको मोहमा डुबेको मान्छेले अरुले प्रकट गरेका आवाजहरूलाई राम्रोसँग सुन्न पनि सक्दै न । सत्तासीन व्यक्तिले आफूभन्दा अरु शक्तिशाली भएको देख्न चाहँदैनन् भन्ने कुरा पनि चन्द्रशमशेर को भनाइबाट प्रष्ट हुन्छ । तिमीले असल भनेको गेहेन्द्र कम घमण्डी छ, एउटा मेसिनगन के बनाएको थियो, आफूलाई नेपालकै पहिलो वैज्ञानिक भन्ठान्छ । अस्ति यसले मलाई देखाउन होइन तर्साउनका लागि पेस्तोल बोकेर आएको हो (नेपाली कक्षा ९, पृ. ६०) । यसले पितृसत्ताका कारण पुरूषहरूले नार ीमाथि मात्र होइन पुरूषमाथि पनि आफ्नो हैकम तथा प्रभुत्व जमाउँछन् भन्ने पुष्टि गर्दछ । चन्द्रशमशेरले आफ्ना छोराहरूलाई पनि आफूजस्तै सर्वशक्तिमान् बनाउने काम गरे । उनले शक्तिका आधारमा छिमे कमा रहेको अङ्ग्रेज सरकारलाई नेपाली युवा, सैनिक सहयोग गरेर आफूलाई बलियो बनाए । कुनै दिन षड्यन्त्रको शिकार बनेर सत्ताच्युत हुने स्थितिमा सम्पत्तिले भए पनि शक्तिशाली बन्ने उद्देश्यले राज्यको

षको ढुकुटीबाट करोडौं रुपियाँ झिकेर आफ्ना नाममा जम्मा गरे । अन्ततः ती कुनै पनि कुराले उनलाई सुख दिएनन् । उल्टै सपनामा समेत लखेट्न थाल्छन । मलाई जिउँदा भाइ भतिजाहरूसँग कुनै डर छैन । मरेका बडाबाउ, दाजुभाइ र अरुसँग साह्रै डराउन थालेको छु (नेपाली कक्षा ९, पृ. ६१) । अन्त्यमा बालकुमारीकै सल्लाहमा उनले पद, पैसाबाट सन्तुष्टि पाउन नसकिने भएकाले पशुपतिनाथको ढुकुटीबाट पैसा झिकेर मालिकहरूलाई बुझाएर मुक्त घोषण गरे । यसबाट उनलाई सन्तुष्टि प्राप्त भयो ।

यसरी लैङ्गिक अध्ययनअन्तर्गत पितृसत्ताले समाजमा हुने गरेको पितृसतात्मक प्रभुत्वलाई त्यागेर नारी पुरूषका बिचमा सहभावको विकास हुनुपर्ने मान्यता राख्दछ। यस कथामा पनि चन्द्रशमशेरले मुखले बालकुमारी देवीका विचारप्रति सहमति जनाए पनि क्रमशः पालना गर्दै गएर सुख र सन्तुष्टि प्राप्त गरेको देखिएकाले यस कथामा बालकुमारीका माध्यमबाट सत्ता सञ्चालनका लागि नारीको पनि उत्तिकै जिम्मेवारी रहन्छ भन्ने कुरालाई देखाइएको छ। यसले सत्तामा पनि नारी पुरुषको समान प्रतिनिधित्वलाई पुष्टि गरेको छ।

## नारी पात्रका कोणबाट निद्रा कथा

नारीवादी चिन्तनले नारीलाई केन्द्रमा राखी नारीका हक अधिकारका बारेमा बोल्दछ । यसले पितृसत्ताले सिर्जना गरेको प्रभुत्वको विरोध गर्दै नारी पहिचान, प्रतिनिधित्व र समानताको आवाज उठाउँछ । नारीवादका पनि उदार नारीवाद, समाजवादी नारीवाद, मार्क्सवादी नारीवाद, मनोविश्लेषण नारीवाद, आमूल नारीवाद, पर्यावरण नारीवाद, उत्तर संरचनावादी नारीवाद, उत्तरआधुनिकतावादी नारीवाद (पौडेल, २०६९, पृ.७७) आदि धार रहेका छन् । यहाँ निद्रा कथालाई लैङ्गिक कोणका आधारमा व्याख्या गरिएको छ।

प्रस्तुत निद्रा कथामा चन्द्रशमशेरको बेचैनीलाई नजिकबाट हेरिरहेकी बालकुमारीले चन्द्रशमशेरको बेचैनी हटाउन जान्नेलाई देखाउने सुझाव दिन्छिन् । चन्द्रशमशेरले आफूले भारतका चर्चित डाक्टरलाई समेत देखाइसकेको कुरा गर्छन् । आफूलाई कुनै रोग छैन भन्छन् । तर उनी जतिबेला पनि तनावमा भएको देखेकी बालकुमारीले चन्द्रशमशेरले आफ्ना भाइ भतिजाहरूप्रति गरेको दुर्व्यवहारलाई अन्त्य गर्न सुझाव दिन्छिन् । बिचरा त्यस्ता इमान्दार फत्य बाबुलाई हजुरियाबाट हटाइबक्स्यो । गेहेन्द्र भतिजलाई यहाँ आउन रोक लगाइबक्सेको छ । यसरी आफ्नैलाई चिढाएर कसरी राज गर्न सकिन्छ होला र ? (नेपाली कक्षा ९, पृ. ५९) । राणाकालमा चन्द्रशमशेरलाई समेत राजकाजसम्बन्धी विषयमा सुझाव दिनु, यस कथामा व्यक्त नारीवादी चिन्तन हो । चन्द्रशमशेरले त्रिचन्द्र कलेज खोल्दा आफ्नै खुट्टामा बन्चरो हानेको कुरा गर्छन् । बालकुमारीले उक्त विषयमा पनि त्यो त राम्रो भयो भनेर आफ्नो फरक मत राख्छिन् । महाराज पनि कस्तो कुरा गरिबक्सन्छ ? कलेज खोलेर त झन् राम्रो भयो नि । अब हाम्रा मान्छेले पढ्न पाउने भए (नेपाली कक्षा ९, पृ. ६०) । उनले चन्द्रशमशेरले सती प्रथाजस्तो नारीमाथि हुने अमानवीय प्रचलन हटाएजस्तै दासप्रथा पनि हटाउनका लागि सुझाव दिन्छिन् । सती प्रथा हटाउनेजस्तै अरु राम्रा काम पनि त गर्न सकिन्छ नि । हजुरले चाहेका काम कसैले रोक्न सक्ने होइन क्यारे (नेपाली कक्षा ९, पृ. ६२) । प्रस्तुत कथामा बालकुमारीले प्रकट गरेका यी अभिव्यक्तिमा राणाशासन कालमा पनि सचेत नारीहरूले आफ्नो पहिचान

र प्रतिनिधित्वका लागि आवाज उठाएको देखिन्छ ।

## लैङ्गिकताका कोणबाट निद्रा कथा

लैङ्गिकतालाई व्यक्तिको लैङ्गिक भूमिका पनि भनिन्छ । यसलाई यौनिकता पनि भनिन्छ । फुकोले लैङ्गिकताले शरीर, यौन र शरीरको नियन्त्रण गर्छ भन्ने धारणा राखेका छन् । लैङ्गिकता यस्तो पक्ष हो जसले यौन र शरीरलाई नियन्त्रण गर्दछ (फुको, सन २००४, पृ. २३७) । लैङ्गिकताभित्र नारी तथा पुरूष विषमलैङ्गिकता तथा समलैङ्गिकता पर्दछन् । कृतिभित्र नारी, पुरूष वा अन्यको लैङ्गिक अवस्था र तिनीहरूले एक अर्काप्रति गर्ने व्यवहार, हिंसा, दमन, पहिचान तथा प्रतिनिधित्वको खोजी र अध्ययन गर्दछ । प्रस्तुत निन्द्रा कथामा चन्द्रशमशेर पुरूष पात्रका रुपमा आएका छन् । बालकुमारीदेवी नारी पात्रका रुपमा आएकी छन् । चन्द्रशमशेर र बालकुमारीले स्मरण गरेका पात्रहरू गेहेन्द्रशमशेर, जङ्गबहादुर राणा, रणोद्वीप, देवशमशेर, वीरशमशेर, राजा त्रिभुवन, भीमशमशेर, जुद्धशमशेर, कृष्णलाल, अब्राहम लिङ्कन आदि सबै पुरूष पात्रहरू मात्र रहेका छन् । यहाँ अन्य लिङ्गी पात्रको उपस्थिति रहेको देखिँदैन ।

निद्रा कथाको नायकीय भूमिकामा चन्द्रशमशेर देखापरेका छन् । उनी पुरूषप्रधान समाजबाट निर्माण भएका पुरूष पात्र हुन् । उनी आफ्नी पत्नी बालकुमारी मात्र होइन, भाइ भारदारहरूप्रति पनि कठोर छन् । उनी आफ्नो विरोध गर्ने जोसुकैलाई पनि दमन गरिहाल्थे । फलस्वरुप फत्यजङ, गेहेन्द्र, सुब्बा कृष्णलालले अकालमा मृत्यु वरण गर्न पुगे । चन्द्रशमशेरको रूखो व्यवहारका अगाडि सबै जना त्रसित थिए ।

निद्रा कथामा बालकुमारी मात्र एक्ली नारी पात्रको प्रयोग भएको छ । अन्य कुनै पनि नारी पात्रहरूको प्रयोग भएको छैन । यसबाट तत्कालीन समयमा नारीहरूलाई समाजमा पुरूषललाई सरह समान सम्मान थिएन भन्ने बुझिन्छ । बालकुमारी एक्ली नै भए पनि नारी अस्तित्व र उपस्थिति सशक्त रुपमा जनाएकी छन् । चन्द्रशमशेरको स्वभावका बारेमा राम्रो जानकारी भएकी उनले चन्द्रशमशेरका कमीकमजोरीलाई स्पष्ट रुपमा भनेकी छन् । चन्द्रशमशेरको स्वास्थ्यका बारेमा सुझाव दिएकी छिन् । हजुर किन राम्ररी निदाइ बक्सिन्न ? जान्नेलाई देखाउन पाए हुन्थ्यो (नेपाली कक्षा ९, पृ. ६१) । त्यस्तै उनले राज्य सञ्चालन गर्दा आफ्नै भाइ भतिजासँग चन्द्रशमशेरले गरेको व्यवहारप्रति आफ्नो असहमति प्रकट गर्छिन् बिचरा त्यस्ता इमान्दार फत्य बाबुलाई हजुरीयाबाट हटाइबक्स्यो । गेहेन्द्र भतिजलाई आज यहाँ आउनै रोक लगाइबक्सेको छ । दाइले मलाई गाली गर्नु हुन्छ, त्यस्तै हो भने एकदिन राजीनामा दिन्छु भनेर भीम बाबु भन्नु हुन्छ रे । यसरी आफ्नैलाई चिढाएर कसरी राजकाज गर्न सकिन्छ होला र ? (नेपाली कक्षा ९, पृ. ५९) । उनले चन्द्र शमशेरलाई सती प्रथा हटाइए जस्तै, कलेज खोले जस्तै मानव कल्याणका काम गर्न पनि प्रेरित गरेकी छन् । सती प्रथा हटाउनेजस्तै अरु राम्रा काम गर्न पनि त सकिन्छ नि । हजुरले चाहेको काम रोक्न कसैले सक्ने होइन क्यारे (नेपाली कक्षा ९, पृ. ६२) । चन्द्रशमशेरले पुरूष हुनुको दम्भ प्रदर्शन गरे पनि बालकुमारी देवीले आफ्नो पहिचान र अस्तित्वका लागि आफ्नो विचार निर्भीक रुपमा राखेकी छन् । यसरी हेर्दा लैङ्गिक भूमिकाका दृष्टिले पनि निद्रा कथा महत्त्वपूर्ण कथा हो ।

## शरीर राजनीतिका कोणबाट निद्रा कथा

शरीर राजनीतिले नारीको शरीरको उपयोग उनकै आफ्नै इच्छाअनुसार हुनुपर्छ भन्ने धारणा राख्छ । विवाह गर्ने, यौन चाहना पूरा गर्ने, बच्चा जन्माउने आदि नारीका शरीरसँग सम्बन्धित कुरामा महिलाको निर्णय हुनुपर्छ भन्ने मान्यता यसको रहेको छ । नारीले कस्तो विषय पढ्ने, कस्तो जागिर खाने, कस्तो जीवनशैली बिताउने भन्ने कुरामा नारी स्वतन्त्र भई निर्णय लिन पाउनुपर्छ पुरूष वा अरु कसैको ठाडो हस्तक्षेप हुनु हुँदैन (पौडेल, २०६९, पृ. ८३) । यसले एकातिर व्यक्तिको स्वतन्त्रताको कुरा गर्छ भने अर्कोतिर आफ्नो शारीरिक पहिचानको विषयलाई पनि उठाउँछ ।

निद्रा कथामा यौन, प्रजनन जस्ता विषयको चर्चा भएको छैन । यहाँ विचार र स्वतन्त्रताको सन्दर्भ उठाइएको छ । चन्द्रशमशेरले गरेका क्रियाकलापप्रति बालकुमारी असहमति प्रकट गर्छिन् । त्यस्तै आफू शक्तिमा रहन लागि भाइ भतिजाप्रति गरेको दुर्व्यवहार, अप्रत्यक्ष रुपमा गरेका भतिजाको हत्या जस्ता विषयप्रति उनको विमति रहेको पाइन्छ । यसरी हेर्दा प्रस्तुत निद्रा कथा प्रजनन, यौन आदि शरीर राजनीतिका दृष्टिले कम महत्त्वपूर्ण कथा हो ।

## निष्कर्ष

लैङ्गिक अध्ययनले साहित्यिक कृतिलाई नारी, पुरूष तथा अन्य लिङ्गी कोणबाट अध्ययन गर्दछ । साहित्यिक रचनाभित्र रहेको लैङ्गिकभूमिका, अधिकार, पहिचान, प्रतिनिधित्व र आवाजसम्बन्धी चिन्तन नै लैङ्गिकतासम्बन्धी चिन्तन हो । निद्रा कथामा राणाकालीन समयमा सम्भ्रान्त वर्गका मानिसहरूले नारीलाई केवल उपभोग्या वस्तुका रुपमा हेर्दथे । उनीहरूले सामाजिक, सांस्कृतिक तथा बौद्धिक रुपमा कुनै योगदान दिन सक्दैनन् । उनीहरूलाई आफ्नो स्वास्थ्यलगायत अन्य आन्तरिक कुरा सुनाउनु आवश्यक हुँदैन भन्ने सोचाइ थियो । सत्तामा बसेका व्यक्तिहरूले सत्तामा आफ्नो वर्चस्व र प्रभुत्व कायम राख्नका लागि आफूसँग फरक मत राख्ने, विरोधी विचार र ाख्ने व्यक्तिहरूलाई अनेक तरिकाले यातना दिन्थे । उनीहरू राम्रै भए पनि फरक मतलाई स्वीकार गर्दैनथे । चन्द्रशमशेरमा उत्पन्न भएको यो सोचाइ पितृसत्तात्मक चेतनाको प्रतिबिम्ब हो । उक्त चेतनाका विरूद्ध पनि बालकुमारीले आफ्ना विचारलाई निर्भीक रुपमा उठाएकी छिन् । यसलाई लैङ्गिक चेतनाका दृष्टिले उपयुक्त मानिन्छ । उक्त कथामा प्रयोग भएकी एक मात्र नारी पात्र बालकुमारी पुरूषले आफ्नो कुरालाई खासै महत्त्व नदिए पनि आफ्नो अस्तित्व र पहिचान कायम राख्नका लागि चन्द्रशमशेरका कमी कमजोरीप्रति निर्भीक रुपमा आलोचना तथा प्रशंसा व्यक्त गर्छिन् । लैङ्गिक दृष्टिले प्रस्तुत कथालाई विवेचना गर्दा पितृसत्ताका आडमा चन्द्रशमशेरले कुतर्ककै बलमा भए पनि अहम् तथा प्रभुत्व प्रदर्शन गर्दछन् । यही सोचका कारण उनी बालकुमारीप्रति मात्र होइन, राज्य सञ्चालनका क्रममा आफूलाई जो जो भाइ भारदारप्रति अविश्वास छ तिनीहरूको पनि छानीछानी हत्या गर्दछन् । उनको बेचैनीको कारण थाहा पाएकी बालकुमारी सचेत नारीका रुपमा चन्द्रशमशेरका विचारलाई तर्कसम्मत खण्डन गर्दै आफ्नो अस्तित्व कायम गर्दछिन् । पारिवारिक तथा र ाज्य सञ्चालन हरेक क्षेत्रमा नारी पुरूषको सह अस्तित्व र सहकार्यले नै जीवनमा सुख र सन्तुष्टि मिल्छ भन्ने केन्द्रीय विचार बोकेको निद्रा कथा लैङ्गिक चेतना प्रकट भएको कथा हो ।

## सन्दर्भसूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रिएसन्स ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* सनलाइट पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* साझा प्रकाशन ।

त्रिपाठी, सुधा र अन्य, सम्पा. (२०७४). *नेपाली,* पाठ्यक्रम विकास केन्द्र ।

पिल्चर, जे. एन्ड. आइ. ह्वेलहेन.(सन् २००४). *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज.*लन्डन : सेज पब्लिकेसन्स ।

पौडेल, तुलसीराम. (२०५९). *लैङ्गिक अध्ययनको रुपरेखा.* (दोस्रो संस्करण). नीमा पुस्तक प्रकाशन ।

पौडेल, विष्णुप्रसाद. (२०६९). *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रुप.* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

फुको, मिचेल..(सन् १९७८). *द हिस्ट्री अफ सेक्सुआलिटी* (भोलुम १). पान्थेन बुक्स ।

बेन स्टोक, सारी र अन्य. (सन् २००२). *अ ह्यान्ड बुक अफ लिटिररी फेमिनिज्म.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, रमेशप्रसाद. (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.* भुँडीपुराण प्रकाशन ।

.......... (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

लुइँटेल, समिरा. (सन् २००८). *जेन्डर स्टडिज.* एकेडेमिक बुक सेन्टर ।

सेगविक, इभ कोस्फो स्काइ. (सन् १९९२) '*जेन्डर क्रिटिसिजम'.* रि ड्रविङ दि बाउन्ड्रिज. (सम्पा. स्टेफेन ग्रिनब्लाट एन्ड गिल्स गन). मोर्डन ल्याङ्वेज एसोसिएसन अफ अमेरिका.।